## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०६/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु सुनकुडा माध्यमिक विद्यालय, बझाङका तत्कालीन प्रधानाध्यापक **धन बहादुर विष्ट** समेत ५ जना मु.नं (०८२-CR-००८६) फैसला मिति २०८३/०१/०८ | सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु रमेश बहादुर अधिकारी, धन बहादुर विष्ट र हर्क बहादुर विष्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२६,५४,६८३/१२ (छब्बीस लाख चौवन्न हजार छ सय त्रियासी रुपैयाँ बाह्र पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उल्लिखित प्रतिवादीहरुबाट बिगो रु.२६,५४,६८३/१२ (छब्बीस लाख चौवन्न हजार छ सय त्रियासी रुपैयाँ बाह्र पैसा) असूल उपर हुन, साथै निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिईएको छ।<br>• प्रतिवादी रमेशबहादुर विष्टलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२०,०१,७७९/१२ (बीस लाख एक हजार सात सय उनासी रुपैयाँ बाह्र पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादी रमेश बहादुर बिष्टबाट बिगो रू.२०,०१,७७९/१२ (बीस लाख एक हजार सात सय उनासी रुपैयाँ बाह्र पैसा) असूल उपर हुन, साथै निज प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदावी लिईएको छ। | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• निर्मित भवनको गुणस्तरमा प्रश्न नउठाई सन्तोषजनक रहेको भनि उल्लेख गरिएको देखिएको।<br>• भवन निर्माणमा खर्च भएको जम्मा रु.३,१२,९१,७४४/- का सम्बन्धमा सामाजिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइ समेतबाट प्रस्ताव पारित भई अनुमोदन समेत भएको भन्ने आरोपपत्रबाटै देखिएको।<br>• Electrical cost र Cost of tools का हकमा स्थलगत नापजाँच गर्न सम्भव नरहेको भनी सोही सामाजिक लेखा परीक्षणलाई आधार बनाई आरोपदाबी लिइएको समेतको तथ्यगत अवस्थाबाट सुनकुडा माध्यमिक विद्यालयको नमुना भवन निर्माणका क्रममा प्रतिवादीहरुले बढी खर्च देखाई लापरवाही वा बदनियत गरी सार्वजनिक संस्थाको सम्पत्तिको हिनामिना तथा हानीनोक्सानी गरे गराएको भन्ने अबस्था वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएको । | • जिल्ला बझाङ्ग, बित्थडचिर गाउँपालिका, वडा नं. ९ स्थित सुनकुडा माध्यमिक विद्यालयको तीन तले, बाह्र कोठे भवन निर्माणका लागि अल सोलुसन इन्जिनिरियङ्ग कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा.लि., चैनपुर, बझाङ्ग र सुनकुडा माध्यमिक विद्यालय, बझाङबीच भौतिक संरचनाहरूको ड्रइङ डिजाईन इस्टिमेट गर्न मिति २०७४।१२।०४ को सम्झौता अनुसार रु. ३,५५,५१,४८२/७५ (तीन करोड पचपन्न लाख एकाउन्न हजार चार सय बयासी रुपैंया पचहत्तर पैसा) रकमको लागत अनुमान तयार गरेको देखिन्छ। उक्त विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश बहादुर अधिकारीको अध्यक्षतामा बसेको समितिको मिति २०७५।११।१९ को बैठकले विद्यालयको नमूना कार्यक्रमको लागि गाउँपालिकाको खातामा निकासा भएको रकम विद्यालयको खातामा पेश्की स्वरुप निकासा गर्नको लागि माग गर्ने, नयाँ भवन निर्माण गर्नका लागि विद्यालय व्यवस्थापन समितिलाईनै निर्माण समितिको जिम्मा दिने र उक्त भवन निर्माणका लागि बित्थडचिर गाउँपालिकाको ईन्जिनियरको प्राविधिक सहयोग लिई कार्य शुरु गर्ने भनी निर्णय भएको देखिन्छ। उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७५।१२।१४ को बैठकले बित्थडचिर गाउँपालिकाको खातामा निकासा भएको सुनकुडा नमूना माध्यमिक विद्यालयको रकम रु.१,५०,००,०००।-(एक करोड पचास लाख रुपैंया) मध्ये ६५% ले हुन आउने रकम रु.९७,५०,०००।–(सन्तानब्बे लाख पचास हजार रुपैंया) निर्माणमा, २५% ले हुन आउने रकम रु. ३७,५०,०००।–(सैतिस लाख पचास हजार रुपैंया) शैक्षिक पक्षमा र १०% ले हुन आउने रकम रु.१५,००,०००।–(पन्ध्र लाख रुपैंया) व्यवस्थापनमा खर्च गर्ने भनी निर्णय समेत भएको देखिन्छ।विद्यालय व्यवस्थापन समितिको मुल भुमिका विद्यालयको सञ्चालन, रेखदेख निरिक्षण तथा व्यवस्थापन रहेको देखिन्छ। विद्यालय भवन निर्माण जस्तो सार्वजनिक निर्माणको प्राविधिक विषयमा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसारको कानूनी प्रक्रियाहरुको अनिवार्य पालना गरी बोलपत्र मार्फत निर्माण गर्नु पर्नेमा यि प्रतिवादीहरुले जानी जानी बदनियतपुर्वक विद्यालय व्यवस्थापन समिति मार्फत भवन निर्माण गर्ने गरि बित्थडचिर गाउँपालिका (पहिलो पक्ष) र सुनकुडा माध्यमिक विद्यालय (दोस्रो पक्ष) बीच "नेपाल सरकार, शिक्षा विकास तथा प्रविधि मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठीमी, भक्तपुरद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७५/०७६ को क्रियाकलाप नं. २-१५-११-७८४ बमोजिमको क्रियाकलापको मापदण्डमा रही विद्यालयले कार्यक्रम सञ्चालन गर्नुपर्ने छ" भनी सम्झौता भई निर्माण कार्य गरेको देखिँदा देखिदै उक्त वदनियतपूर्ण कार्यको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• उक्त सुनकुडा नमूना माध्यमिक विद्यालय कार्यक्रमको लागी बित्थडचिर गाउँपालिकाको गो.भौ.नं. १६, मिति २०७७।०४।०१ को संकेत/ उपशीर्षक नंम्बर ३१११२ बाट विगत आर्थिक वर्षको पेश्की रकम रु. १,५०,००,०००।–(एक करोड पचास लाख रुपैंया) र संकेत/उपशीर्षक नम्बर ३११६१ बाट विगत आर्थिक वर्षको पेश्की रकम रु. १,५८,०३,०००।–(एक करोड अन्ठाउन्न लाख तीन हजार रुपैंया) गरी जम्मा रु. ३,०८,०३,०००।–(तीन करोड आठ लाख तीन हजार रुपैंया) रकम विद्यालयको नाममा पेश्की दिएको देखिन्छ। सुनकुडा माध्यमिक विद्यालयको नविल बैकमा रहेको खाता नं. ७००१०१७५०००२० मा ०१ अप्रिल २०१९ (२०७५/१२/१८) मा रु.४७,५०,०००।—(सड्चालिस लाख पचास हजार रुपैंया), ०९ अगष्ट २०१९ (२०७६।०४।२६) मा रु. १,०२,५०,०००।– (एक करोड दुई लाख पचास हजार रुपैंया) (बित्थडचिर गाउँपालिकाको गो.भौ.नं. ४९, मिति २०७६।०३।३० बाट निकासा) र १६ जुलाई २०२० (२०७७।०४।०१) मा रु. १,५८,०३,०००।– (एक करोड अन्ठाउन्न लाख तीन हजार रुपैंया) गरी जम्मा रु. ३,०८,०३,०००।– (तीन करोड आठ लाख तीन हजार रुपैंया) रकम जम्मा भएको बैक |

• प्रतिवादी किरण भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२०,०१,७७९/१२ (बीस लाख एक हजार सात सय उनासी रुपैयाँ बाह्र पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीबाट बिगो रु.२०,०१,७७९/१२ (बीस लाख एक हजार सात सय उनासी रुपैयाँ बाह्र पैसा) असूल उपर हुन, साथै प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।

स्टेटमेन्टमा देखिन्छ। उपरोक्त अनुसार पहिलो पटक पेश्की दिई सकेपछि दोस्रो पटक पेश्की दिँदा पहिलो पटक दिएको पेश्की फछ्र्यौट गरी अर्थात् उक्त रकम बराबरको काम भए नभएको भन्ने सम्बन्धमा बिल भर्पाई सहितको प्राविधिक प्रतिबेदन हेरी पहिलो पेश्की फछ्र्यौट गरी दोस्रो पेश्की र दोस्रो पेश्की फछ्र्यौट गरेपछि मात्र तेस्रो पेश्की दिनु पर्नेमा सो नहेरी पटक पटक पेश्की लिए दिएबाट प्रतिवादीहरुले गैरकानूनी लाभ लिने दिने उद्देश्यले जानी बुझी पेश्की लिए दिएको तथ्य देखिदा देखिदै उक्त भ्रष्टाचारजन्य **Mala fide conduct** को वेवास्ता गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।

• सुनकुडा माध्यमिक विद्यालयको तिन तले बाह्र कोठे नमूना विद्यालय भवन निर्माणमा आ.व. २०७५/०७६ मा रु.४९,८८,२३०।- (उनान्पचास लाख अठासी हजार दुईसय तीस रुपैंया), आ.व. २०७६/०७७ मा रु.६६,७२,३५१।—(छैसठ्ठीलाख बहत्तर हजार तीन सय एकाउन्न रुपैंया) र आ.व. २०७७/०७८ मा रु.१,९६,३१,१६४।—(एक करोड छयानब्बे लाख एकतीस हजार एकसय चौसठ्ठी रुपैंया) गरी कूल रु.३,१२,९१,७४४।— (तीन करोड बाह्र लाख एकानब्बे हजार सात सय चवालीस रुपैंया) रकम खर्च भएको भन्ने बेहोराको मिति २०७८।०३।२५ को सामाजिक लेखा परीक्षण समिति, मिति २०७८।०३।२६ को विद्यालय व्यवस्थापन समिति र मिति २०७८।०३।२६ को सार्वजनिक सुनुवाईबाट प्रस्ताव पारित/अनुमोदित गरिएको कागजबाट देखिन्छ। बित्थडचिर गाउँपालिकाका सब ईन्जिनियर किरण भण्डारीले मिति २०७८।०३।२७ मा तयार गरेको सुनकुडा माध्यमिक विद्यालय, बित्थडचिर, बझाङको भवन निर्माण सम्बन्धी अन्तिम बिल निम्न तालिका नं. १ बमोजिम तयार गरेको देखिन्छ।

**<u>तालिका नं. १</u>**

| S.No. | DESCRIPTION OF WORKS | THIS BILL AMOUNT (NRs.) | REMARKS |
|---|---|---|---|
| A | TOTAL COST OF CIVIL WORKS | 2,77,72,285.56 | |
| B. | TOTAL COST OF ELECTRICAL WORK | 8,33,168.57 | |
| C. | TOTAL COST OF BENCH DESK CHAIR SOFA SET | 17,77,426.28 | |
| D. | TOTAL COST OF TOOLS | 4,30,470.43 | |
| | GRAND TOTAL | 3,08,13,350.84 | |

• उक्त अन्तिम बिलमा बित्थडचिर गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत रमेश बहादुर विष्ट, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश बहादुर अधिकारी र विद्यालयका प्रधानाध्यापक धन बहादुर विष्ट समेतले हस्ताक्षर गरी प्रमाणित गरेको देखिन्छ। सुनकुडा माध्यमिक विद्यालयको च.नं. १२०, मिति २०७८।११।१३ को पेश्की रकम फछ्र्यौट गरिदिने बारेको पत्रबाट विद्यालयको नमूना भवन अन्तर्गत ३ तले १२ कोठे भवन निर्माण लगायत शैक्षिक तथा व्यवस्थापन सहित आ.व. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ मा जम्मा रु.३,०८,००,०००।– (तीन करोड आठ लाख रुपैंया) निकासा भई आएको रकमको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई सकेको हुँदा उक्त रकमको पेश्की फछ्र्यौट गरि दिनु हुन भन्ने बेहोराको पत्र बित्थडचिर गाउँपालिकामा पेश गरेको देखिएको र बित्थडचिर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बझाङले मिति २०७८।११।२३ को गो.भौ.नं.१९ बाट गत आ.व. को सुनकुडा नमूना विद्यालयको रु.३,०८,०३,०००।-(तीन करोड आठ लाख तिन हजार रुपैयाँ) पेश्की रकम फछ्र्यौट गरिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। उक्त विद्यालय निर्माणमा प्रधानाध्यापक धनवहादुर विष्ट तथा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतले विद्यालयको विभिन्न शीर्षकमा निकासा भएको रकम हिनामिना गरेकोको भन्ने समेत बेहोराको उजुरी निवेदनको अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरमा दर्ता नं. ४५४३, मिति २०८२।०१।२४ मा दर्ता कायम भएको इन्जिनियर सुलभ न्यौपाने समेतले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा जिल्ला बझाङ, बित्थडचिर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गाउँपालिका, वडा नं. ९ स्थित सुनकुडा माध्यमिक विद्यालयको ३ तले १२ कोठे भवन निर्माणस्थलको स्थलगत नापजाँच बमोजिमको फिल्ड परिमाणलाई भुक्तानी भए अनुसार परिमाणसँग तुलना गरी प्रत्येक आइटमहरुको फरक पर्न गएको रकम जोडी हेर्दा सार्वजनिक निर्माणतर्फ रु. १७,७५,०२७/१२ (सत्र लाख पचहत्तर हजार सत्ताइस रुपैंया बाह्र पैसा) वास्तविक निर्माण कार्यभन्दा बढी खर्च भएको देखिन्छ। यसै गरी Electric Cost (वाइरिंग) तर्फ रकम रु. २,२२,७५०/५७ (दुई लाख बाईस हजार सात सय पचास रुपैंया सन्ताउन्न पैसा) तथा Cost of Tools (मेसिनरी औजार) तर्फ रु.४००१/४३ (चार हजार एक रुपैंया त्रिचालिस पैसा) गरी जम्मा रकम रु.२,२६,७५२/-( दुइ लाख छब्बिस हजार सातसय बाउन्न रुपैया) बास्तविक निर्माण भन्दा बढी खर्च भएको देखिन्छ। सामाजिक लेखापरीक्षण अनुसार खर्च भएको भनिएको रकम भन्दा वास्तविक खर्च रकम समग्रमा रु.२०,०१,७७९/१२ (सार्वजनिक निर्माण तर्फ रु.१७,७५,०२७/१२, वाइरिंग(Electric cost) तर्फ रु.२,२२,७५०/५७ र मेशिनरी औजार(cost for tools) तर्फ रु.४,००१/४३ हानिनोक्सानी भएको गरि जम्मा रु.२०,०१,७७९/१२) बढी भुक्तानी गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी भएको भनि प्रतिबेदन पेश गरेको देखिन्छ भने उक्त स्थलगत प्राविधिक प्रतिवेदन पेश गर्ने इन्जिनियर सुलभ न्यौपाने र पुष्पराज भट्ट समेतले गरेको बकपत्रवाट उक्त ब्यहोरा पुष्टि भएको देखिदा सो प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम स्वीकारयोग्य प्रमाणको रुपमा ग्रहण गरि बिद्यालयको भवन निर्माण कार्यको वास्तविक भएको निर्माण कार्य भन्दा अन्तिम बिल/नापी किताबमा बढी मूल्याङ्कन गरी पेश्की रकम फछ्र्यौट हुने गरी कागजात तयार गरी आर्थिक ऐन नियम तथा लेखाका मान्य सिद्धान्त विपरीत भईरहेको एवं कानूनी व्यवस्था विपरीत जानी बुझी भुक्तानी लिने दिने कार्य गर्ने यि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सो प्रमाणको विश्लेषण नगरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• सुनकुडा माध्यमिक विद्यालयको आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदनमा सुनकुडा माध्यमिक विद्यालय नमूना विद्यालयको रुपमा छनौट भई भवन निर्माणका लागि आवश्यक सामान खरिद गर्दा नियमानुसार लाग्ने अग्रीम आयकर सम्बन्धित सप्लायर्सबाट, सामाजिक सुरक्षा कर सम्बन्धित कामदारबाट र बहाल कर सम्बन्धित सवारी धनिबाट कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेमा सो नगरी सम्पूर्ण रकम कर कट्टि नगरी भुक्तानी गरेको र उल्लिखित कर बापतको रकम विद्यालयको आन्तरिक कोषबाट कर दाखिला भएको देखिन्छ। आ.व. २०७६/०७७ मा रु.३,२७,९०४।-(तीन लाख सत्ताईस हजार नौ सय चार रुपैंया) र आ.व. २०७७/०७८ मा रु.३,२५,०००।-(तीन लाख पच्चीस हजार रुपैंया) गरी जम्मा रु.६,५२,९०४।-(छ लाख बाउन्न हजार नौ सय चार रुपैंया) सम्बन्धित सप्लायर्सबाट असूल गरी विद्यालयको खातामा दाखिला गर्नुपर्ने भनी उल्लेख भएकोमा उक्त रकम सम्बन्धित सप्लायर्स, सम्बन्धित कामदार र सवारी धनीबाट असूल गरी विद्यालयको खातामा दाखिला गरेको देखिँदैन। सुनकुडा माध्यमिक विद्यालयबाट बित्थडचिर गाउँपालिकाको कार्यालय, देउलेख, बझाङलाई लेखिएको च.नं. ३१६, मिति २०८१।१२।२१ र मिति २०८१।१२।१८ को पत्रबाट १२ कोठे ३ तले भवन निर्माणको लागि विनियोजित रकमबाट जम्मा कर (एकमुष्ठ काटिएको कर) रु.६,५२,९०४।- (छ लाख बाउन्न हजार नौ सय चार रुपैंया) करकट्टी गरिएको बेहोरा उल्लेख भएको देखिन्छ। यसरी बिद्यालय भवन निर्माण गर्दा लाग्ने आवश्यक समान र सोको खरिदमा नियम अनुसारको अग्रीम आय कर सम्बन्धित सप्लायर्सबाट, सामाजिक सुरक्षा कर सम्बन्धित कामदारबाट र बहाल कर सम्बन्धित सवारी धनीबाट कट्टा गरी उल्लिखित रकम भुक्तानी गर्नुपर्नेमा बिद्यालयका प्रधानाध्यापक समेतका यि प्रतिवादीहरुले बिद्यालयको कोषबाट भुक्तानी दिएको देखिँदा सरकारी रकम हिनामिना तथा हानिनोक्सानी गरेको तथ्य अन्तिम लेखा परीक्षणबाट पुष्टि भई रहेको अवस्था देखिदा देखिदै उक्त लेखापरीक्षण प्रतिवेदन समेतलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• उक्त सुनकुडा माध्यमिक विद्यालयको ३ तले १२ कोठे भवन निर्माणका सम्बन्धमा अख्तियार दुरुपयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरवाट खटिएका ईन्जिनियर सुलभ न्यौपानेले पेश गर्नु भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा Electric Cost (वाइरिंग) तर्फ रकम रु. २,२२,७५०/५७ (दुई लाख बाईस हजार सात सय पचास रुपैंया सन्ताउन्न पैसा) तथा Cost of Tools (मेसिनरी औजार) तर्फ रु. ४००१/४३ (चार हजार एक रुपैंया त्रिचालिस पैसा) गरी जम्मा रकम रु. २,२६,७५२/- (दुइ लाख छब्बिस हजार सातसय बाउन्न रुपैया) बास्तविक निर्माण भन्दा बढी खर्च भएको देखिदा प्रतिवादीहरुले सरकारी रकम हानि नोक्सानी गर्ने र आफूहरुले गैरकानूनी लाभ लिने उद्देश्यले बदनियतका साथ वास्तविक कम काम तथा लगानी र खर्च भएको कुरा जानी बुझी बढी काम भएको भनी कागजात विवरण तयार गरी गराई बढी रकमको रनिङ बिल बनाई प्रतिवादीहरुको एक आपसको मिलेमतोमा गैरकानूनी लाभ प्राप्त गर्ने उद्देश्यले रकम भुक्तानी दिए लिएको देखिँदा निज प्रतिवादीहरूको बदनियतपुर्ण कार्य पुष्टि भएको देखिदा देखिदै सो प्रमाणको विवेचना नगरि प्रतिबादिहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• बित्थडचिर गाउँपालिकाका सव-ईन्जिनियर प्रतिवादी किरण भण्डारीले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा उक्त बिल मैले नै तयार गरेको हो। भवन निर्माण बाहेक बेन्च डेस्क, सोफा, कुर्ची र माथिल्लो २ तल्लाको ढलान गर्नका लागि मसला बनाउन भनेर भवन पछाडि फिल्ड कटिङ गरेको तथा अन्तिम बिल तयार गर्दा म स्थलगत गई नाप जाँच गरी बिल तयार गरेको हो। काम नभएको पनि बिल उठाउनुको कारण अहिले बिल तयार गरी दिनुहोस् हामी २/४ महिना भित्र नै बाँकी काम गर्छौं भनेकोले बिल तयार गरेको हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिदा उक्त योजनामा काम सम्पन्न नै नभई विल तयार गरेको तथ्य पुष्टि भएको देखिनुको साथै सो तथ्य अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरवाट खटिएका ईन्जिनियर सुलभ न्यौपाने समेतले पेश गर्नु भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतवाट समर्थित भई रहेको अवस्थामा उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा ग्रहण गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाइ हुने ठहर गरी भएको फैसला त्रुटि पूर्ण देखिदा वदरभागी छ।<br>• प्रस्तुत मुद्दामा विद्यालय भवन निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम बोलपत्रको माध्यमवाट निर्माण गर्नु पर्नेमा विद्यालय व्यवस्थापन समिति मार्फत निर्माण गरेको, पहिला दिएको पेश्की फछ्र्यौट गरी अर्थात् उक्त रकम बराबरको काम भए नभएको भन्ने सम्बन्धमा बिल भर्पाई सहितको प्राविधिक प्रतिबेदन हेरी पहिलो पेश्की फछ्र्यौट गरी दोस्रो पेश्की र दोस्रो पेश्की फछ्र्यौट गरेपछि मात्र तेस्रो पेश्की दिनु पर्नेमा सो नहेरी पटक पटक पेश्की लिए दिएको, वास्तविक भएको निर्माण कार्य भन्दा अन्तिम बिल/नापी किताबमा बढी मूल्याङ्कन गरी पेश्की रकम फछ्र्यौट हुने गरी कागजात तयार गरेको, अग्रीम कर, बहाल कर, सामाजिक सुरक्षा कर लगायतका कर रकम विद्यालयको आन्तरिक कोषबाट दाखिला गरिएको भन्ने Fact in issue रहेकोमा विशेष अदालतवाट फैसला गर्दा निर्मित भवनको गुणस्तरमा प्रश्न नउठेको, सामाजिक लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइ समेतबाट प्रस्ताव पारित भई अनुमोदन समेत भएको जस्ता आधार लिई, अभियोगका आवश्यक तत्व तथा Fact in issue पहिचना नै नगरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि फैसला भएको देखिदा तथ्यगत विवादको सही कानूनी परिक्षणको रोहमा प्रस्तुत फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• अतः उपरोक्त उल्लिखित तथ्य प्रमाणहरुको विवेचना नगरि प्रतिवादीहरु धनबहादुर विष्ट, रमेशबहादुर अधिकारी, हर्कबहादुर विष्ट, रमेशबहादुर विष्ट र किरण भण्डारीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम सजाय गरि पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |